का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ भदौ २०८१,
शनिबार
24 August, 2024
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक १९३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

रविको बयान

# 'मलाई थाहा छैन, जीबी राईलाई सोध्नू'

सहकारीको रकम अपचलनमा संलग्न रहेको आरोप लागेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापतिसमेत रहेका पूर्वगृहमन्त्री रवि लामिछानेले संसदीय छानबिन विशेष समितिमा इन्कारी बयान दिएका हुन् ।



म संस्थाको (गोरखा मिडिया नेटवर्क) प्रबन्ध निर्देशकका रूपमा संस्थामा सामान्यरूपमा प्रशासकीय, आन्तरिक काममा संलग्न रहेको थिएँ । कार्यकारी प्रमुखको रुपमा आर्थिक स्रोत जुटाउनेलगायत कामहरु जीबी राईले गर्ने गरेका थिए । कहाँबाट, कसरी रकम प्राप्त भयो ? भन्नेबारे जीबी राईलाई थाहा हुने भयो । त्यो थाहा पाउन उनैलाई सोध्नुपर्छ ।

■ रवि लामिछाने
सभापति, रास्वपा

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ७ भदौ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवम् पूर्वगृहमन्त्री रवि लामिछानेसँग सहकारी संस्थाको बचत रकम दुरुपयोग सम्बन्धी संसदीय छानबिन विशेष समितिले तीन घण्टा बढी सोधपुछ गरेको छ । दिउँसो साढे चार बजेटबाट साँझ साढे आठ बजेसम्म सोधपुछ गरेको समितिले अर्को झण्डै दुई घण्टा लगाएर लामिछानेले दिएको बयान उतारेर हस्ताक्षर गराएको छ ।

सोधपुछका क्रममा सांसदहरुले गोरखा मिडिया नेटवर्क प्रालिको प्रबन्ध निर्देशक रहँदाको समयमा बिभिन्न सहकारीबाट गोरखा मिडिया नेटवर्क प्रालिको नाममा गएको रकमबारे सोधेका थिए ।

जवाफमा लामिछानेले आफूले २५ प्रतिशत गुड विल सेयर पाएको उल्लेख गर्दै अन्य जिम्मेवारीमा आफू नरहेको बताए । गोरखा मिडिया नेटवर्क प्रालिमा भएको सकारात्मक र नकारात्मक दुवै कामको जिम्मा आफूले नलिने उनले सोधपुछका क्रममा बताएका छन् ।



समिति सदस्यहरुले अन्य सहकारीको रकम अपचलनको विषयमा समेत नाम मुछिएको भनेर सोधेका थिए । लामिछानेले इन्कारी बयान दिएका छन् । लामिछाने गोरखा मिडिया नेटवर्कका तत्कालीन प्रबन्ध निर्देशक, सेयर होल्डर, कार्यक्रम निर्माण र प्रस्तोताको जिम्मेवारीमा थिए ।

लामिछानेलाई समितिले गोरखा मिडियामा रहँदाको भूमिका, अध्यक्ष जीबी राईसँगको सम्बन्ध लगायतका विषयमा प्रश्न सोधको थियो । समिति सभापति सूर्यबहादुर थापाका अनुसार लामिछानेलाई सोध्नका लागि करिब ५० वटा प्रश्न तयार गरिएका थिए ।

लामिछानेले विभिन्न सहकारीबाट गोर्खा मिडिया नेटवर्कमा कसरी रकम आयो भन्नेबारे आफूलाई जानकारी नरहेको जवाफ दिएको सभापति थापाले जानकारी दिए । गोरखा मिडियाको आर्थिक व्यवस्थापनको पाटो आफूलाई जानकारी नरहेको लामिछानेले जवाफ दिएको थापाले जानकारी दिएका हुन् ।

सभापति थापाका अनुसार रवि लामिछानेले आफ्ना विषयहरू बुटवलको सुप्रिम सहकारी, चितवनको सहारा सहकारी, पोखराको सूर्यदर्शन र काठमाडौंको स्वर्णलक्ष्मी सहकारीबाट गोर्खा मिडियामा आएका, उहाँको नाममा खडा गरिएका ऋण, प्रवाह गरिएको भनिएको रकम सम्बन्धमा आफ्नो हस्ताक्षर, कागजात, नागरिकतासहितका चिजहरू समावेश नभएको बताएका छन् ।

सभापति थापाका अनुसार लामिछानेले भनेका छन्, 'म संस्था (गोरखा मिडिया नेटवर्क)को प्रबन्ध निर्देशकका रूपमा संस्थामा सामान्य रूपमा दैनन्दिन प्रशासकीय, आन्तरिक काममा संलग्न रहेको थिएँ । कार्यकारी »» पृष्ठ २ मा

# मस्र्याङ्दीमा बस खस्दा २७ जनाको मृत्यु

८ दिनको रुट परमिट लिएर नेपाल आएको भारतीय बस मस्र्याङ्दीमा खस्दा २७ जनाको मृत्यु भएको छ भने १६ जना घाइते भएका छन् ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ भदौ ।

तनहुँको आँबुखैरेनी गाउँपालिका-२ ऐना पहारामा बस दुर्घटना हुँदा २७ जनाको मृत्यु भएको छ । पोखराबाट काठमाडौं आउँदै गरेको बस मर्स्याङ्दी नदीमा खसेको थियो । ४३ जना यात्रु रहेको यूपी ५३ एफटी ७६२३ नम्बरको बस मर्स्याङ्दीमा खसेको हो । बस दुर्घटनामा १६ जना घाइते भएका छन् । घाइतेहरुलाई नेपाली सेनाको हेलिकप्टरबाट थप उपचार गर्न काठमाडौं ल्याइएको छ ।

तनहुँका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमका अनुसार बस दुर्घटनामा परेकाहरु भारतीय हुन् । भारतीय बसमै नेपाल आएको बस दुर्घटना भएकाले यसबारे जानकारी दूतावास मार्फत् दिइएको छ ।



मृतकहरुको शब आँबु खैरेनी गाउँपालिकामा राखिएको छ । प्रजिअ गौतमले आवश्यक प्रक्रिया पूरा गरेर शब भारत पठाइने बताए ।

भारतबाट गत ४ भदौमा बस नेपाल भित्रिएको थियो । ८ दिनको रुट परमिट लिएर दुई वटा बस बेलहिया नाकाबाट नेपाल भित्रिएको थियो । दुई वटा बसमा गरी ९० जना चढेका थिए । उनीहरु दुई दिन पोखरा बसेर काठमाडौं आउँदै थिए ।

तर बाटोमा दुर्घटना भएपछि अर्को बसमा रहेका आफन्तहरुको सहयोगमा शव पहिचान गरिएको प्रमुख जिल्ला अधिकारी गौतमले बताए । दुर्घटनामा परेको बस उद्धार गर्न गोताखोर सहित सुरक्षाकर्मी परिचालन गरिएको थियो ।

विपद व्यवस्थापन तालिम शिक्षालयबाट एसएसपी माधव पौडेलको कमाण्डमा १० जना गोताखोर परिचालन गरिएको थियो । थप ३५ जना सुरक्षाकर्मी काठमाडौबाट गएका थिए भने तनहुँबाट ३५ जनाको टोली परिचालन भएको थियो ।

घटनास्थल भिरालो र अप्ठ्यारोमा रहेकाले उद्धारकर्ताले डोरीको सहयोगमा घाइतेहरुको उद्धार गरेका थिए ।

### संविधान संशोधनबारे कांग्रेसमा बहस

# नेतृत्वलाई नहतारिन नेताहरूको सुझाव

गत साउन २३ गतेदेखि २८ गतेसम्म चलेर स्थगित भएर शुक्रबारबाट पुन: शुरु भएको कांग्रेस केन्द्रीय समितिको बैठकमा संविधान संशोधनको विषयले प्रवेश पाएको हो ।



प्रदेशको अधिकार र स्थानीय तहको अधिकार हामीले दिएकै छैनौं । के संशोधन गर्ने ? पहिले संविधान कार्यान्वयनको समीक्षा गरौं । त्यसपछि संविधान संशोधनको बहसमा प्रवेश गरौंला ।

■ कृष्णप्रसाद सिटौला
पूर्वमहामन्त्री
नेपाली कांग्रेस

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ७ भदौ ।

संविधान संशोधन गर्ने विषयले कांग्रेसमा बहस सिर्जना गरेको छ ।

गत साउन २३ गतेदेखि २८ गतेसम्म चलेर स्थगित भएर शुक्रबारबाट पुन: शुरु भएको कांग्रेस केन्द्रीय समितिको बैठकमा संविधान संशोधनको विषयले प्रवेश पाएको हो ।

राष्ट्रिय सभामा नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद सिटौलाले संविधानको पूर्ण कार्यान्वयन नगरी संशोधनको विषयमा बहस चलाउनु उचित नहुने बताए ।

संविधान अनुसार प्रदेश र स्थानीय तहले अधिकार नै पाउन नसकेको भन्दै उनले संविधान संशोधनबारे बहस चलाउने गरी नेतृत्वलाई नहतारिन सुझाव दिए ।

नेपाली कांग्रेस र नेकपा एमालेका बीचमा सत्ता सहकार्य हुनु अगागि गत असार १७ गते मध्यराति ७ बुँदे सहमति भएको थियो ।

उक्त सहमतिमा संविधान संशोधन गर्नेसहितका विषय समावेश रहेका छन् ।

दुई ठूला दल मिलेर सरकार बनाउँदै गर्दा आएको संविधान संशोधन गर्ने विषयले नेपाल भित्र मात्रै नभएर अन्तराष्ट्रिय स्तरमा समेत तरंग पैदा गरेको छ । यस्तो अवस्थामा सुझबुझपूर्ण तरिकाले विषय अगाडि बढाउनुपर्नेमा उनले जोड दिए ।

दुई ठूला दल मिलेर सरकार बनेको अवस्थामा संशोधन गर्ने भन्दा पहिले संविधान »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# साउनमा गए करिब ६० हजार नेपाली वैदेशिक रोजगारीमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ भदौ

चालु आर्थिक वर्षको पहिलो महिना साउनमा करिब ६० हजार नेपाली वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगार विभागका अनुसार चालु आर्थिक वर्षको पहिलो महिना साउनमा ५९ हजार ५ सय ७५ जना नेपाली वैदेशिक रोजगारीमा गएका छन् ।

नेपाली कामदारको प्रमुख श्रम गन्तव्य मलेसियामा नयाँ कामदार जाने क्रम बन्द रहेको अवस्थामा पनि अघिल्लो वर्षको साउनको तुलनामा यो वर्षको साउनमा बढी नेपाली वैदेशिक रोजगारीमा गएका हुन् । गत आर्थिक वर्षको साउनमा ५५ हजार ५ सय ७५ जना वैदेशिक रोजगारीमा गएका थिए ।

यस वर्ष साउनमा २५ हजार ५ सयले संस्थागत अर्थात म्यानपावर कम्पनीबाट श्रम स्वीकृति लिएका छन् । अघिल्लो वर्ष साउनमा २९ हजार २ सय २९ जनाले म्यानपावर कम्पनीबाट श्रम स्वीकृति लिएका थिए । साउनमा व्यक्तिगत १० हजार ७ सय ५३ र ईपीएसमार्फत ६ सय ६८ जना गएका छन् ।

वैदेशिक रोजगारीका लागि मलेसिया जाने नेपालीको संख्या भने घटेको छ । अघिल्लो बर्ष साउनमा ७ हजार ८ सय ५४ जना संस्थागतरुपमा मलेसिया गएकोमा यस वर्ष संस्थागतरुपमा ५ जना, व्यक्तिगतरुपमा ११ र पुन: गरी १ हजार ३ सय ४४ जना मलेसिया गएका छन् । मलेसियाले गत मार्चदेखि विदेशी कामदार रोकेको छ ।

विभागको तथ्यांकअनुसार साउनमा सबैभन्दा धेरै यूएई गएका छन् । साउनमामात्रै १७ हजार ५ सय ४१ जना गएको यूएईमा म्यानपावर कम्पनीमार्फत १० हजार ३ सय १६ जना गएका छन् । दोस्रोमा रहेको साउदी अरेबियामा ११ हजार ८ सय ९ जना गएकोमा म्यानपावरमार्फत ६ हजार ८ सय ७५ जना गएका छन् ।

तेस्रोमा रहेको कतारमा ११ हजार ७ सय ८५ जना गएकोमा म्यानपावर कम्पनीमार्फत २ हजार ८ सय ५ जना गएको विभागले जनाएको छ । »» पृष्ठ २ मा

### युरोप मागपत्रमा म्यानपावरलाई अवरोध, कन्सल्ट्यान्सीबाट धमाधम

**काठमाडौं/मस–** युरोपेली देशमा नेपालीहरुको आकर्षण बढे पनि त्यहाँ रहेका नेपाली दूतावासहरुमा मागपत्र प्रमाणीकरणमा चरम उदासीनता र ढिलासुस्ती बढेको वैदेशिक रोजगार व्यवसायीको गुनासो बढेको छ । वार्षिक करिब ५० हजार नेपालीहरु जाने आंकलन गरिएका ती देशमा कामका लागि जाने नेपाली कामदार असुरक्षित मानिने कन्सल्ट्यान्सीहरुबाट गइरहेको व्यवसायीहरु बताउँछन् ।

परम्परागत श्रम गन्तव्यका रुपमा रहेका खाडीका देश र मलेसियाको विकल्प क्रोएसिया, रोमानिया, पोर्चुगलजस्ता देशहरु रहेपनि नेपाली दूतावासहरुमा रहेको मागपत्र प्राणीकरणको उदासीनताले असुरक्षित वैदेशिक रोजगारलाई मलजल पुगिरहेको बताइएको छ ।

सरकारले वैदेशिक रोजगारीका लागि नयाँ श्रम गन्तव्य पहिल्याउन विगतमा कार्यदल नै गठन गरेपनि दूतावासहरुको काम नगर्ने शैलीका कारण राम्रो तलब हुने युरोपेली श्रम गन्तव्य नेपालीका लागि खेर गइरहेको गुनासो धेरै अघिदेखि रहेको छ ।


## यूएइको एक प्रतिष्ठित कम्पनीमा रोजगारीको अवसर

SOBHA

कम्पनी: SOBHA CONSTRUCTION L.L.C शहर : DUBAI
पूर्व स्वीकृत मिति: २०८१/०५/०७ चलानी नं.: ६०२२४०१६ LT. No.: 309438

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scafolder | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Steel Fixer | 100 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |

प्रि - अन्तर्वार्ता निम्नानुसार हुनेछ:
काठमाडौंमा मिति २०८१ भदौ १२ गते (28 August 2024 ) मा हुनेछ ।
चितवनमा मिति २०८१ भदौ १३ गते (29 August 2024 ) मा हुनेछ ।
पोखरामा मिति २०८१ भदौ १४ गते (30 August 2024 ) मा हुनेछ ।
बुटवलमा मिति २०८१ भदौ १५ गते (31 August 2024 ) मा हुनेछ ।
जनकपुरमा मिति २०८१ भदौ १६ गते (1 September 2024 ) मा हुनेछ ।
इटहरीमा मिति २०८१ भदौ १७ गते (2 September 2024 ) मा हुनेछ ।
विर्तामोडमा मिति २०८१ भदौ १८ गते (3 September 2024 ) मा हुनेछ ।

फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा भदौ १९ (4 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

Gov. Lic. No 406/060/061

THE RIVER OVERSEAS PVT. LTD.
Battisputali, Gaushala, Kahtmandu, Nepal | Tel: 01-4562431, 01-4562432
Mobile: 9801247223, 9801247247, 9801247214, 9801247211
Email: admin@theriveroverseas.com | Website:www.theriveroverseas.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

८ भदौ २०८१, शनिबार
24 August 2024, Saturday

# संस्कृत भाषाको लोकप्रियता विश्वमै बढ्दै गएको छ : राष्ट्रपति

**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले संस्कृत भाषाको लोकप्रियता नेपाल र भारतमा मात्र नभई विश्वमै बढ्दै गइरहेको बताएका छन् । जयतु संस्कृतम् संस्थाले शीतल निवासमा शुक्रबार आयोजना गरेको पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले विश्वका विभिन्न विश्वविद्यालयमा संस्कृत वाङ्मयको पठनपाठन हुनुले यसको महत्व विश्वव्यापी हुँदै गएको पुष्टि हुने बताए । उनले संस्कृत अमृत भाषा भएको उल्लेख गर्दै यसभित्र अमर सन्देश छन्, जसबाट अहिले पनि मानव जगत् आल्हादित भइरहेको छ भने ।



'संस्कृत भाषा र संस्कृत वाङ्मय ज्ञान विज्ञानको भण्डार हो, यो भाषा र वाङ्मयको विस्तार आवश्यक छ', राष्ट्रपति पौडेलले भने । शुक्लयजुर्वेदलगायतका कयौँ ग्रन्थ नेपालमै लेखिएका थिए भन्ने अनुसन्धाताको विचार पाइन्छ भन्दै उनले वेदव्यास, वाल्मीकि, विश्वामित्रजस्ता कयौँ ऋषिहरूको तपोभूमि नेपाल हो भने ।

विसं २००४ मा बोल्न, लेख्न र सङ्गठन गर्न नपाउने जनविरोधी एक तन्त्रीय राणाशासनको युगमा संस्कृत अध्ययन गर्ने छात्रले काठमाडौंमा सशक्त आन्दोलन गरेर राणा सरकारलाई झुक्न बाध्य बनाएको प्रसङ्ग उल्लेख गर्दै राष्ट्रपति पौडेलले भने, 'जयतु संस्कृतम् आन्दोलनले नै स्वतन्त्रताको बिगुल फुकेको थियो र प्रजातन्त्रको बीजारोपण गरेको थियो, नेपालमाा प्रजातन्त्रको स्थापनामा जयतु संस्कृतम् आन्दोलनको ठूलो योगदान छ ।'

संस्कृतमा वसुधैव कुटुम्बकम् भनेर विश्वबन्धुत्वको भावना, लोकाः समस्ता सुखिनो भवन्तु भनेर विश्वमानव समुदायको कल्याणको कामना र सर्वे भवन्तु सुखिनः भनेर मानवमात्रको सुख तथा समृद्धिको संकल्प गरिएको पाइन्छ भन्दै राष्ट्रपति पौडेलले यी उदात्त भावना र विचारलाई हामीले मनन् र प्रयोग गर्न सक्नुपर्छ भने ।

जयतु संस्कृतम् आन्दोलनको मूल प्रवाहमै रहेर अभियानस्वरुप थालिएको यस संस्थाले संस्कृतका ग्रन्थको लेखन र प्रकाशन, विद्वत्सम्मान, संस्कृत गुरुकुल तथा विद्यालयको संरक्षण र विकास कार्य गर्नु खुशीको विषय भएको उनको भनाइ थियो । सबै भाषाभाषीले सबै भाषाभाषीलाई सम्मान, सहयोग र समन्वय कायम गरेमा प्रत्येक भाषाको संरक्षण तथा समुत्थान सम्भव हुने राष्ट्रपति पौडेलले विचार व्यक्त गरे ।

'कुनै भाषाले कुनै भाषालाई निषेध गर्नुहुँदैन, सबै भाषाभाषीले सबै भाषाभाषीलाई सम्मान, सहयोग र समन्वय कायम गरेमा प्रत्येक भाषाको संरक्षण तथा समुत्थान सम्भव छ', उनले भने । सो अवसरमा राष्ट्रपति पौडेलले नेपाल संस्कृत विश्वविद्यालयका पूर्वउपकुलपति आचार्य पूर्णचन्द्र ढुङ्गेल र प्राध्यापक नीलमणि ढुङ्गानालाई जयतु संस्कृतम् पुरस्कार प्रदान गरे । साथै राष्ट्रपति पौडेलले प्रा डा ऋषिराम पोखरेल, प्रा.डा.दीर्घराज घिमिरे, प्रा.डा. रामचन्द्र गौतम, प्रा.गोविन्द चौधरी र प्राध्यापक चेतोनाथ आचार्यलाई अभिनन्दन गरेका थिए ।

# द्रुतमार्गको जग्गा प्राप्ति गर्न स्वीकृति



**काठमाडौं/मस–** सरकारले काठमाडौं-तराई-मधेश द्रुतमार्ग सडक आयोजनाका लागि मकवानपुर जिल्लामा जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गरेको छ ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त आयोजनाका लागि करिब ३३ हजार नौ सय ७५ वर्गमिटर जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।

सरकारले नेपाल आयल निगम लिमिटेडलाई जितपुर सिमरा उपमहानगरपालिकामा करिब पाँच बिघा जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने निर्णयसमेत गरेको छ ।

बैठकले ललितपुर महानगरपालिकालाई गणतन्त्र कोरियाको चिवर-गुन नगरसँग भगिनी सम्बन्ध स्थापना गर्न पूर्वस्वीकृति प्रदान गर्ने निर्णय गरेको छ। सामाजिक सञ्जाल टिकटकको प्रयोगमा लगाइएको रोक तोकिएका शर्तहरु पालना गर्नेगरी हटाउने निर्णय पनि सरकारले गरेको छ । तोकिएका शर्त पूरा भएपछि सरकारको यो निर्णय कार्यान्वयनमा जाने पनि सञ्चारमन्त्री गुरुङले बताए ।

त्यसैगरी, विज्ञापन बोर्ड र सुरक्षण मुद्रण केन्द्रमा चालु आर्थिक वर्षका लागि अधिकृतस्तरको १६ वटा अस्थायी दरबन्दी सिर्जना गर्न स्वीकृति दिने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ ।

बैठकले यही भदौ ११ देखि १३ गतेसम्म उज्वेकिस्तानमा आयोजना हुने 'मल्टिडाइमेशनल पोभर्टी पियर नेटवर्क'सम्बन्धी बैठकमा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा.शिवराज अधिकारीलाई स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । त्यस्तै आगामी कात्तिक २२ देखि २४ गतेसम्म कोलम्बियाको बोगोटामा आयोजना हुने 'फस्ट ग्लोबल मिनिस्टियरियल कन्फेरेन्स अन इन्डिङ भाइलेन्स अगेन्ष्ट चिल्ड्रेन' मा सहभागी हुन महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीलाई स्वीकृति प्रदान गर्ने मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ।

त्यस्तै यही भदौ २७ र २८ गते ब्राजिलमा आयोजना हुने 'वान प्लानेट नेटवर्क फोरम, २०२४' कार्यक्रममा सहभागी हुन वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीलाई स्वीकृति प्रदान गर्ने मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ। बैठकले राष्ट्रिय सहकारी विकास बोर्डको रिक्त सदस्य-सचिव पदमा रुपन्देहीका डा खगराज शर्मालाई नियुक्त गर्ने निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिए ।

# सवारी चलाएरै बहिनीलाई डाक्टर बनाउने किशोरीको सपना



**टीका खतिवडा/रासस**
इलाम, ७ भदौ

छेकी शेर्पा १९ वर्षकी भइन्। उनी इलामको कच्ची सडकमा सवारी चलाउँछिन्। साहस र आँटिलो स्वभावकी छेकीले डेढ वर्षयता निरन्तर बोलेरो जिपमा यात्रु बोक्ने काम गर्दै आएका छन् । त्यसो त सवारी चलाउने महिला नभएका हैनन् । तर पहाडी जिल्लाको कच्ची बाटोमा सार्वजनिक यातायातको साधन चलाउने महिलाको सङ्ख्या नगण्य छ ।

यात्रुसहितको सवारी चलाउने उनी इलाम जिल्लाको मात्र नभई पूर्वी पहाडीकै एकमात्र किशोरी हुन् । पहाडको कच्ची सडकमा खोलानाला र भिरालो सडकमा गाडी चलाउन जो कोहीले हिम्मत गर्दैनन् । घरपरिवारले गाडी खरिद गरिदिएपछि उनले गाडी चलाउन थालेका हुन् ।

बोलेरो डबल क्यापको जिपमा यात्रु र भारीसहित उनी बिहान इलाम सन्दकपुरको जमुनास्थित सिस्नेबाट इलाम सदरमुकाम जान्छिन् । दिउँसो सदरमुकाम तथा बिब्ल्याँटेबाट जमुना फिर्ने गर्छिन् ।

उनको बुवा पहिलेदेखि सवारी चालकको काम गर्थिन् । घरमा तीन छोरी भएका कारण बुवाकै सहयोगमा चालक बनेको उनी बताउँछिन् ।

सुरुमा बुवाले नजिकैको दूरीमा गाडी चलाउन सिकाएपछि उनले विस्तारै राम्रोसँग चलाउन थालिन् । छोरीले राम्रोसँग गाडी चलाउन जानेपछि छोरीलाई चलाउन दिएको फुर्वा शेर्पाले बताइन् ।

'मलाई बुवाले नै गाडी चलाउन सहयोग गर्नुभएको छ । परिवारको साथ पाएरै म राम्रोसँग गाडी चलाउन सक्ने र यही पेसा गर्नसक्ने भएकी छु', उनले भनिन् । छेकीले गाडी चलाउँदा केही यात्रुहरुले सुरुमा विश्वास गर्दैनथे । उनले चलाएको गाडीमा चढ्नै मान्दैनथे । तर, हिजोआज यात्रुहरुले छेकीमाथि यति विश्वास गर्न थाले कि उनले चलाएको गाडी खोजी खोजी चढ्न थालेका छन् ।

उनले बर्खायाममा पनि खर्च कटाएर मासिक ३० हजारभन्दा बढी कमाउने गरेकी छिन् । बर्खामा हिलो बाटोका कारण गाडी मर्मत धेरै गर्नुपर्ने हुँदा पैसा थोरै बच्ने गरेको छ ।हिउँद याममा धेरै आम्दानी हुने गरेको उनको भनाइ छ । सिजनमा मासिक एक लाख हाराहारी कमाउने गरेको सो क्षेत्रका सवारी चालकहरु बताउँछन् ।

कक्षा १२ सम्म अध्ययन गरेकी उनले पढ्दै गरेको समयमा पनि गाउँमा गाडी कुदाएको स्थानीयको भनाइ छ । उनले गाडी चलाएरै बहिनीलाई डाक्टर बनाउने सपना बुनेकी छिन् । 'दाजुभाइ नहुँदा सानैदेखि हामीले छोरा र छोरी दुवैको काम गर्दै आएका छौँ', उनले भनिन् । रोजगारीको खोजीमा धेरै नेपाली महिला विदेसिने गरेका छन् । तर महिलाले गाउँमै सवारीचालकको काम पनि गर्न सकिने काम रहेछ भनेर उदाहरण दिएकी छिन् छेकीले ।

जोखिमपूर्ण सडकमा पनि एकदमै सरल तरिकाले गाडी चलाउने गरेकाले यात्रुहरूले उनको गाडी रोज्ने गरेको बताउँछन् । 'केही पुरुष चालकहरुले मादक पदार्थ सेवन गरेर पनि सवारी चलाएको पाएका छौँ', स्थानीय यात्रु दावा शेर्पाले भने, 'तर उहाँले त मदिरा सेवन समेत नगर्ने हुँदा हामी ढुक्कले यात्रा गर्छौं ।'

# हदम्यादका आधारमा उन्मुक्ति हुने गरी ऐन संशोधन नगर्न आयोगको अनुरोध




**काठमाडौं/मस–** राष्ट्रिय मानव अधिकार आयोगले भ्रष्टाचारजन्य कसुरमा हदम्यादका आधारमा उन्मुक्ति हुने गरी ऐन संशोधन नगर्न प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिलाई अनुरोध गरेको छ । आयोगले शुक्रबार भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकमा भ्रष्टाचारजन्य कसुरमा हद म्यादका आधारमा उन्मुक्ति हुने गरी ऐन संशोधन प्रस्ताव अगाडि बढाइएको उल्लेख गर्दै समितिलाई पत्राचार गरेको आयोगका प्रवक्ता डा.टीकाराम पोखरेलले जानकारी दिए ।

उनले हद म्यादका आधारमा उन्मुक्ति हुने गरी ऐन संशोधन प्रक्रिया अगाडि नबढाउन समितिलाई पत्राचार गरेको बताए ।

'भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकमा भ्रष्टाचारजन्य कसुरमा त्यस्तो कार्य भएको थाहा पाएको मितिले पाँच वर्षभित्र मुद्दा चलाउनुपर्नेछ भनी गरिएको संशोधन प्रस्तावप्रति यस आयोगको गम्भीर ध्यानाकर्षण भएको छ', पत्रमा भनिएको छ,'भ्रष्टाचारजन्य कार्य जुनसुकै अवधिमा गरेको भए पनि त्यो गम्भीर अपराध भएको र त्यस्तो विषयमा हद म्याद कै कारणले भ्रष्टाचारजन्य कसुर गर्नेले उन्मुक्ति पाउने सम्भावना बढ्नुका साथै सुशासन र मानव अधिकारको उपभोगमा बाधा उत्पन्न हुन जान्छ, अतः भ्रष्टाचार गर्ने व्यक्तिलाई हद म्यादका आधारमा उन्मुक्ति हुने गरी ऐन संशोधन प्रक्रिया अगाडि नबढाउन आयोग समितिलाई अनुरोध गर्दछ ।'

# सालको काठ बरामद

**सर्खेत/मस–** सर्खेत लेकबेशी नगरपालिका-९ चौरासेबाट सालको काठ बरामद गरिएको छ ।

लु २ च २२३ नम्बरको गाडीमा सालको काठ सुर्खेततर्फ ल्याउँदै गरेको भन्ने सूचनाका आधारमा प्रहरी सहायक निरीक्षक रमेश छहारी मगरको कमाण्डमा खटिएको प्रहरी टोलीले उक्त सालको काठ बरामद गरेको हो ।

सुर्खेत वीरेन्द्रनगर-११ धुलियाबिटबाट उक्त गाडी र सालको काठ गोलिया ९ थान र कर्णाली प्रदेश ०२ ००१ प ७६६७ नम्बरको मोटरसाइकल चालक सुर्खेत वीरेन्द्रनगर-२ बस्ने वर्ष ४१ का धनिराम चौधरीलाई नियन्त्रणमा लिइएको प्रहरीले बताएको छ ।

गाडी चालक भने फरार रहेका छन् । उनको खोजतलास जारी रहेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी उपरीक्षक रुपेश खड्काले जानकारी दिए ।

# किमाथाङ्का नाका खुलेपछि सात सय बढी नागरिकलाई सीमा पास वितरण



**संखुवासभा/मस–** संखुवासभाको उत्तरी क्षेत्र किमाथांका नाका सञ्चालनमा आएपछि जिल्ला प्रशासन कार्यालयले सीमा पास वितरण गरिरहेको छ ।

गत जेठ १२ मा १४ नाकासहित एकैसाथ सञ्चालनमा आएको किमाथांका नाका आवतजावतका लागि सात सय ९९ सीमा पास वितरण गरिएको जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत भोगेन्द्र श्रेष्ठले जानकारी दिए ।

भोटखोलामा मात्र घुम्ती टोलीमार्फत पाँच सय ६४ वटा सीमा पास वितरण गरिएको उनले बताए ।

भोटखोला र मकालु गाउँपालिकाभित्र नागरिकले सीमा पास र परिचयपत्रका आधारमा किमाथांका नाका पारी पुगेर चिनियाँ बजारबाट दैनिक उपभोग्य वस्तु खरिद गर्दै आइरहेका छन् । नाका खुलेसँगै सीमा पास वितरण भएपछि भोटखोलाका नागरिकलाई खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुका लागि र रोजगारीका लागि सीमावर्ती नाका आवतजातवत गर्न सहज भएको छ । भोटखोला गाउँपालिकाका वडा नं १, २ र ३ छिमेकी चीनको भूभागसँग जोडिएका छन् । यस क्षेत्रमा करिब पाँच हजारको बसोबास रहेको छ भने यहाँ आलु र कोदो मात्र उत्पादन हुँदै आएको छ । किमाथांकावासी सीमापारिको चाँगा बजारमा गएर दैनिक रोजगारी गरेर जीविका चलाउँदै आएका छन् । कोरोना सङ्क्रमण फैलिने डरले चीन सरकारले विसं २०७६ माघ ५ देखि किमाथांकासहित चीनसँग जोडिएका विभिन्न नाका बन्द गरेको थियो ।

विसं २०३५ मा भन्सार कार्यालय स्थापित किमाथाङ्का नाका द्वन्द्वलगायत कारणले विसं २०५७ देखि सदरमुकाम खाँदबारीमा सारिएको थियो ।

खाँदबारीदेखि किमाथांकाको दुरी एक सय ६२ किलोमिटर छ । यहाँ अझै पनि सडक सञ्जाल नपुगेकाले सडक पुगेको स्थानबाट दुई दिन हिँडेर नाकासम्म पुग्न सकिन्छ । खाँदबारी किमाथांका सडक निर्माणाधीन अवस्थामा छ ।

# अझै सञ्चालनमा आएन मानव मलमूत्र प्रशोधन केन्द्र

**कैलाली/मस–** मानव मलमूत्र प्रशोधन केन्द्र सञ्चालनमा ढिलाइ भएको छ । कैलालीको टीकापुर नगरपालिका-१ स्थित बृहत् ढल निकास आयोजनासँगै निर्माण शुरु भएको प्रशोधन केन्द्रको काम २०८९ मा सम्पन्न हुँदा पनि अझै सञ्चालनको अन्योलता कायमै रहेको देखिएको छ ।

मानव मलमूत्रलाई संकलन गर्दै प्रशोधन गरेर त्यसबाट कम्पोस्ट मल उत्पादन गर्ने केन्द्रको उद्देश्य रहेको छ । 'शौचालय सफा गर्नुपर्दा नगरपालिकालाई नभए निजी कम्पनीलाई हप्तौँ कुर्नुपर्ने बाध्यता छ । प्रशोधन केन्द्र सञ्चालनमा आए त्यो बाध्यता कम हुन सक्थ्यो ।'स्थानीय सुदर्शन चौधरी भन्छन्,'अर्कोतिर मानव मलमूत्र प्रशोधन गरेर बनेको मलका लागि किसान पनि केन्द्र छिटो सञ्चालनमा आउनुपर्ने पक्षमा छन् ।'

उनले समयमा राम्रो व्यवस्थापन नभएर काम सुरु गरेका खण्डमा प्रशोधन केन्द्र अलपत्र पर्न सक्ने चिन्ता पनि व्यक्त गरे । मानव मलमूत्र प्रशोधन केन्द्रलाई व्यवस्थित गरेर सञ्चालन गर्नसके त्यो नगरपालिकाको आम्दानीको स्रोत बन्नसक्ने स्थिति देखिन्छ ।

निर्माण कम्पनीले नगरपालिकालाई स्वामित्व हस्तान्तरणका लागि धेरै प्रयास गरे पनि टीकापुर नगरपालिका व्यावसायिक योजना कम्पनीले सुनिश्चित नगर्दासम्म स्वामित्वमा लिने पक्षमा छैन । नगर प्रमुख रामलाल डगौरा थारुले भने, 'निर्माण कम्पनीले व्यावसायिक योजनासहित हस्तान्तरण गर्ने हो भने स्वामित्व लिन समस्या छैन ।' नगर प्रमुख थारुले केन्द्र नगरपालिकाको मातहतमा नआएका प्रतिक्रिया दिए ।

प्रशोधन केन्द्र सञ्चालनमा आए टीकापुर नगरपालिकासहित छिमेकी पालिकाले पनि सेवा लिन पाउने जनाइएको छ । अहिले टीकापुर आसपासमा शौचालयको सेफ्टी ट्याङ्की खाली गर्ने साधन र जनशक्ति पाउन मुस्किल हुन्छ । 'सेफ्टीट्याङ्की सफा गर्ने साधनका लागि पालो कुर्नुपर्छ । मानिसलाई लगाएर खाली गराउँदा व्यवस्थापन गर्ने ठाउँ हुँदैन ।' स्थानीयवासी जमानसिंह विश्वकर्मा भन्छन्,'जनशक्ति व्यवस्थापन गरेर प्रशोधन केन्द्रलाई सञ्चालनमा ल्याउनसक्यो भने त्यसले सेफ्टीट्याङ्की सफा मात्रै नभई यस क्षेत्रका किसानलाई कम्पोस्ट मलको व्यवस्था गर्ने काम पनि गर्न सक्छ ।'

मानव मलमूत्रलाई प्रशोधन गरेर लेदोबाट मल उत्पादन गर्ने र फोहर पानीलाई प्रशोधन गरेर जमरा कुलोमा मिलाउने व्यवस्था गरिएको छ । उत्पादन भएको मल पनि मापदण्ड बन्न नसक्दा अहिलेसम्म बिक्री गर्न सकिएको छैन । प्रशोधन केन्द्रको निर्माण गर्ने जिम्मा पाएको निर्माण कम्पनीले स्थानीय सरकारलाई हस्तान्तरणसमेत गरेको छैन । परामर्शदाताले प्रशोधन केन्द्रको व्यावसायिक योजना बनाउन ढिलाइ गर्दा स्वामित्व हस्तान्तरणमा ढिलाइ भएको निर्माण कम्पनीका प्रमुख उदय पोखेलले बताए ।

करिब सात करोड खर्च गरेर प्रशोधन केन्द्र निर्माण गरिएको थियो । प्रशोधन केन्द्रसँगै बृहत् ढल निकासको काम पनि निर्माण कम्पनीले सम्पन्न गरिसकेको छ । टीकापुरको बजार क्षेत्रलगायत आकाशे पानीका कारण बर्सेनि डुबानको जोखिम हुने २८ किमी ढल निकासको काम सकिएपछि अहिले डुबानको जोखिम हटेको छ ।

## रविको...

प्रमुखको रूपमा आर्थिक स्रोत जुटाउने लगायतका कामहरू जीबी राईले गर्ने गरेका थिए । कहाँबाट, कसरी रकम प्राप्त भयो ? भन्नेबारे जीबी राईलाई थाहा हुने भयो । त्यो थाहा पाउन उनैलाई सोध्नुपर्छ ।' लामिछानेभन्दा अगाडि शुक्रबार नै छानबिन विशेष समितिले गोरखा मिडिया नेटवर्कका सञ्चालक छविलाल जोशीसँग सोधपुछ गरेको थियो ।

सहकारीको रकम अपचलनमा लामिछानेको संलग्नता रहेको भन्दै संसदमा प्रश्न उठेपछि गत जेठ १५ गते प्रतिनिधि सभाले संसदीय छानबिन समिति गठन भएको थियो । एमालेका सूर्य थापाको नेतृत्वमा गठित समितिमा एमालेकी सरिता भुसाल, कांग्रेसबाट ईश्वरी न्यौपाने र दिलेन्द्रप्रसाद बडू, माओवादीबाट लेखनाथ दाहाल, रास्वपाबाट शिशिर खनाल र राप्रपा ध्रुवबहादुर प्रधान रहेका छन् ।

## संविधान...

कार्यान्वयनको समीक्षा गर्न आवश्यक रहेकोमा नेता सिटौलाको जोड रहेको छ ।

संविधान अनुसार प्रदेश र स्थानीय तहले अधिकार पाएर त्यसको उपयोग हुँदा कमजोर पक्ष देखिए समीक्षा गरेर संविधानमा आवश्यक पुनरावलोकन गर्न सकिने उनको राय छ ।

'प्रदेशको अधिकार र स्थानीय तहको अधिकार हामीले दिएकै छैनौं । के संशोधन गर्ने ?' सिटौलाको प्रश्न छ ।

संविधानअनुसार न्यायपालिका, संवैधानिक निकायहरू, संघीय व्यवस्थापिका, प्रदेश सभा सबैको समीक्षा गर्न आवश्यक रहेको र यसका लागि वर्तमान सत्तागठबन्धनले अगुवाई गर्नुपर्ने उनको प्रस्ताव छ ।

'पहिले संविधान कार्यान्वयनको समीक्षा गरौं । त्यसपछि संविधान संशोधनको बहसमा प्रवेश गरौंला' नेता सिटौलाले भनेका छन् ।

नेताहरूले संविधान संशोधनको बहस चलाएर सत्ता सहयात्री दलले अन्यत्र धोका दिन पनि सक्ने आशंका गर्दै नेतृत्वको ध्यानार्षण गरेका छन् । एमालेसँग सत्ता सहकार्य शंकारहित नभएको उल्लेख गर्दै नेतृत्वको ध्यानाकर्षण गराएका हुन् ।

एमालेसँग सत्ता सहकार्य २०८४ सालको निर्वाचनसम्म पुग्न सहज नभएकाले प्रधानमन्त्री केपी शर्मा ओलीसँग निरन्तर संवाद गरिराख्न आवश्यक रहेकोमा नेताहरूको जोड रहेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सत्ता हस्तान्तरण गर्ने समय आउन अगाडि नै सत्ता समीकरणमा खटपट आउनसक्ने उनीहरूको आशंका छ ।

१७ असारमा दुई दलबीच भएको सहमतिअनुसार २०८३ असारमा प्रधानमन्त्री ओलीले देउवालाई सरकारको नेतृत्व हस्तान्तरण गर्नुपर्छ । बडो होसियारीका साथ गठबन्धन लैजान सक्यौं भने मात्रै सभापति प्रधानमन्त्री बन्न सक्ने अन्यथा, विचमा शंकाका विषयहरु प्रवेश गर्न सक्नेछन् ।

पूर्वउपसभापति विमलेन्द्र निधिले सत्ता गठबन्धन कायम राख्न एमालेसँग विवाद गर्न नहुने बताए । यो सत्ता समीकरणलाई कुनै पनि तरिकाले सहयोग गर्नुपर्ने र एमालेसँग वैमनस्यता ल्याउने गतिविधि गर्न नहुने बताए ।

## साउनमा...

कुवेतमा ४ हजार ६ सय ९५ जना गएकोमा म्यानपावर कम्पनीमार्फत २ हजार ८ सय ८३ जना, ओमनमा १ सय ९५ जना, जापानमा १ हजार ४ सय ७२ जना र दक्षिण कोरियामा ईपीएसमार्फत ८ सय १२ जना गएका छन् । बहराइनमा ४ सय १८ जना, जोर्डनमा ५ सय १२, मकाउमा १ सय ३ जना, मरिससमा म्यानपावर कम्पनीमार्फत २ सय ८० जना गएका छन् ।

साउनमा युरोप जाने नेपालीको संख्या अघिल्ला महिनाको तुलनामा बढेको छ । सबैभन्दा धेरै २ हजार २ सय ९८ जना गएको रोमानियामा म्यानपावर कम्पनीमार्फत ४ सय २० जना गएका छन् । १ हजार १ सय ३८ जना क्रोएसिया गएकोमा म्यानपावर कम्पनीमार्फत एक जना पनि गएका छैनन् ।

७ सय नेपाली गएको साइप्रसमा म्यानपावर कम्पनीमार्फत ६ सय ३९ जना गएका छन् भने २ सय ३९ जना गएको माल्टामा म्यानपावर कम्पनीमार्फत एक जना पनि गएका छैनन् । त्सस्तै पोर्चुगलमा १ सय ५६ र पोल्यान्डमा ५० जना जाँदा म्यानपावर कम्पनीले एक जना पनि पठाउन सकेनन् । साउनमा ९३ मुलुकमा नेपाली कामदार गएकोमा म्यानपावर कम्पनीले १२ मुलुकमा मात्रै कामदार पठाएका छन् ।

मध्यान्ह
www.madhyanhadaily.com



## लुम्बिनीमा आचारसंहिताको बन्धन

# मन्त्रीले प्रदेश छोड्दा मुख्यमन्त्रीसँग स्वीकृति लिनुपर्ने



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, ७ भदौ

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मन्त्रिपरिषद् सदस्यहरुले पालना गर्नुपर्ने आचारसंहिता लागु गरेका छन् ।

प्रदेश मन्त्रिपरिषद् बैठकबाट लुम्बिनी प्रदेश सरकार, मन्त्रिपरिषद् सदस्यले पालना गर्नुपर्ने आचारसंहिता, २०८१ लागु गर्ने निर्णय गरिएको हो । सरकारले स्वनियमनको रणनीति बनाएको हो । त्यसका लागि आचारसंहिता लागु गरेको छ ।

प्रदेश राजधानी बाहिर भ्रमणमा जाँदा मुख्यमन्त्रीबाट भ्रमणको पूर्वस्वीकृति लिएर मात्र जानुपर्ने, जिल्ला भ्रमणमा जाँदा आन्तरिक मामिला तथा कानून मन्त्रालयमार्फत सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई भ्रमण कार्यक्रमबारे अग्रीम जानकारी गराउनुपर्ने, भ्रमण टोली सानो र भ्रमण खर्च मितव्ययी हुनुपर्ने, अनावश्यक र औचित्यहीन भ्रमण कार्यक्रममा संलग्न हुन नहुने, एक जिल्लामा एक पटकमा दुई दिन भन्दा बढी नबस्ने गरी व्यवस्था मिलाउनुपर्ने र उपलब्ध भएसम्म सरकारी अतिथि गृहको प्रयोग गर्नुपर्ने आचारसंहितामा उल्लेख छ ।

अत्यावश्यक नपरी एक जिल्लामा महिनामा एक पटकभन्दा बढी भ्रमण गर्न नहुने, सरकारी कामको सिलसिलामा भ्रमणमा जाँदा भएको खर्चको विवरण सार्वजनिक गर्नुपर्ने, निजी प्रयोजनका लागि भ्रमणमा जाँदा मुख्यमन्त्रीलाई जानकारी गराइ जान सकिने र त्यस्तो भ्रमणमा भएको कुनैपनि खर्च सरकारी कोषबाट भुक्तानी लिन नपाइने उल्लेख छ ।

भ्रमणबाट फर्किएपछि मुख्यमन्त्री समक्ष प्रतिवेदन पेश गरेपछि मात्र भ्रमण खर्च भुक्तानी लिनुपर्ने, सदाचारयुक्त व्यवहार गर्नुपर्ने उल्लेख छ । मन्त्रिपरिषद् सदस्यका हरेक क्रियाकलाप र व्यवहार उच्च आदर्शयुक्त, अनुकरणीय, सम्मानित र सदाचारपूर्ण हुनुपर्ने, मन्त्रिपरिषद् सदस्यले सदाचार विपरीतका कार्य गर्न नहुने उल्लेख छ ।

पदीय हैसियतको दुरुपयोग गर्न नहुने विषयलाई प्राथमिकितामा राखिएको छ । मन्त्रिपरिषद् सदस्यले आफ्नो परिवार, नातेदार वा सामाजिक सम्बन्धका अन्य व्यक्तिलाई आफूले सम्पादन गर्ने काम वा निर्णयमा अनुचित प्रभाव पार्न दिन नहुने, साथै परिवार, सचिवालयका कर्मचारी वा अरु कसैको निजी स्वार्थ पूरा हुनेगरी आफ्नो पदीय हैसियतको दुरुपयोग गर्न वा गर्न दिन नहुने, पदीय गरिमालाई कायम राख्दै कुनै पनि प्रकारका अनियमितता र भ्रष्टाचारजन्य कार्यबाट पूर्णरुपमा मुक्त रहनुपर्ने उल्लेख छ ।

मन्त्रिपरिषद् सदस्यले शपथ लिएको ६० दिन भित्र सम्पत्ति विवरण पेश गर्नुपर्ने भएको छ । मन्त्रिपरिषद् सदस्यले आफ्नो र परिवारको नाममा रहेको चल अचल सम्पत्तिको विवरण शपथ लिएको ६० दिनभित्र तोकिएको ढाँचामा २ प्रति मुख्मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमक्ष पेश गर्नुपर्ने, पेश भएको उक्त सम्पत्ति विवरण सर्वसाधारणको जानकारीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट वेवसाइटमा राख्ने तथा सञ्चारका अन्य माध्यमबाट समेत सार्वजनिक गर्ने व्यवस्था मिलाउनुपर्ने, मन्त्रीले पदमुक्त हुँदा समेत सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने विषय समेटिएको छ ।

दान, उपहार, चन्दा आदि प्राप्त गर्न एवं सापटी लिन नहुने पनि आचारसंहितामा उल्लेख छ । मन्त्रिपरिषद् सदस्यले आफै, कुनै कर्मचारी, स्वकीय सचिव वा सचिवालयका अन्य कर्मचारी वा परिवारका सदस्य मार्फत सरकारी काममा असर पर्नसक्ने गरी प्रदेश सरकारको स्वीकृति विना कुनै दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न, चन्दा माग्न वा मन्त्रालयको कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिन नहुने विषय समेटिएको छ ।

मन्त्रिपरिषद् सदस्यले आफ्नो र परिवारको व्यक्तिगत आर्थिक लेनदेन एवम् सार्वजनिक निकायलाई तिर्नु बुझाउनुपर्ने हरहिसाब यथासमयमै फछ्र्यौट गरी स्वाभिमान र उच्च नैतिक आचरण प्रदर्शन गर्नुपर्ने, खर्चिलो एवम् भड्किलो र अस्वभाविक नभइ मितव्ययीपूर्ण सामाजिक व्यवहार र आचरण गर्नुपर्ने, मन्त्रिपरिषद् सदस्यले पदीय मर्यादा अनुकूल हुनेगरी मर्यादित पोशाकमा प्रस्तुत हुनुपर्ने उल्लेख छ ।

**एक महिने उपलब्धि**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य मुख्यमन्त्री बनेको एक महिना पुगेको छ । साउन ७ गते आचार्य मुख्यमन्त्रीमा नियुक्त भएका थिए । यो एक महिनाको अवधीमा प्रदेश सरकारले सुशासन, पारदर्शीता र जवाफदेहिताका लागी प्रभावकारी योजना निर्माण गरेर कार्यान्वयन शुरु गरेको छ ।

कार्यविधि र कार्ययोजना निर्माण

लुम्बिनी प्रदेश सरकारले मातहतका मन्त्रालय र योजना कार्यान्वयन गर्ने निकायहरुलाई साउन महिनाभित्र कार्यविधि र कार्ययोजना निर्माण गर्न दिएको निर्देशन अनुसार सबै मन्त्रालय र निकायहरुले वार्षिक कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि र कार्ययोजना निर्माण सम्पन्न गरेका छन् । अघिल्ला सरकारको पालामा कार्यविधि र कार्ययोजना निर्माणको कामले प्राथमिकता नपाउँदा योजना कार्यान्वयनमा ढिलाई हुने गरेको थियो । अब भदौ महिनाभित्र योजनाहरुको बोलपत्र सार्वजनिक गर्ने र असोज महिनाबाट बार्षिक स्वीकृत योजना कार्यान्वयन गर्नेगरी कामलाई तिव्रता दिइएको छ । लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्षको लागि ३८ अर्ब ९७ करोड रुपैयाँको बजेट ल्याएको थियो ।

प्रतिस्पर्धाबाट मात्रै कार्यान्वयन

योजना कार्यान्वयनमा वेतिथि थियो । उपभोक्ताको नाममा योजना स्वीकृत हुने तर, कार्यान्वयन गर्दा निर्माण व्यवसायी सकृय हुने जसले गर्दा योजनाप्रति उपभोक्ताको पनि अपनत्व घट्दै गएको थियो । यस्तो अवस्थामा लुम्बिनी प्रदेश सरकारले योजना कार्यान्वयनमा पारदर्शीता, जवाफदेहिता कायम गर्न, गुणस्तरीय योजना कार्यान्वयनमा जोड दिन पाँच लाख भन्दा माथिका योजनाहरुलाई प्रतिस्पर्धाबाट कार्यान्वयन गर्ने योजना निर्माण गरेर लागु गरेको छ । योजना छनोट र कार्यान्वयन चरणलाई पारदर्शी बनाउन पाँच लाख भन्दा माथिका सबै प्रकारका योजनाको टेन्डर खोलिने भएको हो ।

# विभिन्न निर्णय गर्दै बाँफिकोट गाउँपालिकाको कार्यपालिका बैठक सम्पन्न

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ७ भदौ



रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकाको ४०औं कार्यपालिका बैठक गाउँपालिकाको सभाहलमा सम्पन्न भएको छ । बिहीबार सम्पन्न कार्यपालिका बैठकले विभिन्न निर्णय गरेको गाउँपालिकाका प्रवक्ता जोगबहादुर चन्दले जानकारी दिए ।

बैठकले पालिकामा आयका योजनाहरुको भदौ २० गतेसम्म ठेक्का खोल्ने निर्णय गरेको छ । यस्तै असोज १५ गतेसम्म सबै योजनाहरुको सम्झौता गरिसकनुपर्ने निर्णय भएको प्रवक्ता चन्दले बताए ।

त्यस्तै बैठकले शिक्षासम्बन्धी संघीय अनुदान शिक्षक, कोठा अपुग भएका विद्यालयहरुमा वितरण गर्ने निर्णय गरेको छ । स्यार्पुतालमा असोज महिनामा सधैं लाग्दै आएको स्यार्पु महोत्सव आयोजना गर्ने निर्णय पनि भएको गाउँपालिकाले जनाएको छ । विश्व पर्यटकीय दिवसमा समावेश हुन पालिकाबाट टप्पा तथा सिङ्गारु नाचका कलाकार सुर्खेतमा पठाउने निर्णय भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश रसाइलीले बताए ।

बैठकमा गाउँपालिका अध्यक्ष जनककुमार बाठा, उपाध्यक्ष तारा बुढा केसीलगायत कार्यपालिका सदस्यहरुको सहभागिता रहेको थियो ।

# कतारमा २१ जना नेपालीले गरे रक्तदान

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ७ भदौ



नेपाली रक्तदाता संघ कतारको आयोजनामा कतारमा बृहत् रक्तदान कार्यक्रम सम्पन्न भएको छ । विश्व मानवता दिवसको अवसर पारेर हमाद अस्पतालको ब्लड डोनर सेन्टरमा आयोजित उक्त कार्यक्रममार्फत २१ जना नेपालीले रक्तदान गरेका छन् ।

छोटो समयमा गरिएको तयारीका कारण ४१ जनाको उपस्थिति रहे पनि २१ जनाले रक्तदान गर्न सफल भएका हुन् । प्रत्येक तीन महिनामा कतारमा स्थापित विभिन्न संघसंस्थासँग समन्वय तथा सहकार्य गर्दै रक्तदान कार्यक्रम आयोजना गर्दै आइरहेको रक्तदाता संघले भने यस पटक हमाद अस्पतालको अनुरोधमा रक्तदान कार्यक्रम गरेको हो ।

'हाम्रो तयारी अलिक पछि कार्यक्रम गर्ने थियो, तर कतारमा रगत अभाव देखिएको भन्दै रक्तदानका लागि अस्पतालबाट अनुरोध भएपछि मानवीय सेवाका लागि विश्व मानवता दिवसको अवसर पारेर रक्तदानको आयोजना गरेका हौं,' संघ कतारका अध्यक्ष रामजी खत्रीले मध्यान्ह दैनिकसँग भने ।

रक्तदाताहरुलाई नेपाली ढाकाको टोपी, संघले प्रकाशित गरेको भित्ते पात्रो र संघको लोगो अंकित ब्याच प्रदान गर्दै सम्मान गरिएको थियो । शुक्रबार बिहान ८ बजेदेखि दिउँसो १ बजेसम्म चलेको रक्तदान कार्यक्रम संघका संरक्षक हंसराज ढकालले रक्तदान गर्दै शुरुवात गरेका थिए ।

# मानव बेचबिखनसम्बन्धी ऐन कार्यान्वयनमा समस्या


**सुशील दुर्नाल/रासस**
काठमाडौं, ७ भदौ

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । सो ऐनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा मानव बेचबिखन तथा ओसार पसारमा कमि आउन सकेको छैन । ऐनको प्रभावकारी कार्यान्वयनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अहिले पनि नेपाली महिलाहरु विभिन्न बहानामा बेचिनु परेको छ । पछिल्लो समयमा बन्धक बनाइएका धनुषा जिल्लाका ७ जना र सिरहा जिल्लाका २१ जना गरी (२४ देखि ६० वर्ष सम्मका) जम्मा २८ जना पुरुषहरुका सम्बन्धमा भारतीय गैर सरकारी संस्था किन ईन्डिया माफर्त जानकारी हुन आएको मन्त्रालयका सचिव दिनेश भट्टराईले जानकारी दिए ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको अग्रसरता र नेतृत्वमा एवम् भारतस्थित नेपाली राजदूतावाससँगको समन्वय तथा किन इन्डियाको प्राविधिक सहयोग र सहकार्यमा उक्त पीडित/प्रभावितहरुलाई उद्धार गरी जनकपुर, धनुषा ल्याइएको मन्त्रालयले जनाएको छ । मानव बेचबिखनबाट पीडित र प्रभावितहरुको उद्धार गरी र संरक्षण कार्यलाई मन्त्रालयले सदैव उच्च प्राथमिकतामा राखेको छ ।

यो घटनाको संवेदनशीतालाई मध्यनजर गरी धनुषा ल्याइएका २८ जना पुरुषहरुलाई महिला मन्त्री नवल किशोर साह(सुडी), मन्त्रालयका सचिव दिनेश भट्टराई र सहसचिव आभा श्रेष्ठ कर्णको समुपस्थितिमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, जिल्ला समितिमार्फत निजहरुको परिवारसँग पुनर्मिलन गराइएको छ ।

सो उद्धार कार्यमा लागेको यथार्थ खर्च मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि स्थापित पुनःस्थापना कोषबाट व्यहोरिने छ । मानव बेचबिखन अत्यन्त संवेदनशील विषय रहेको र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ र



मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

प्रमाणीकरण र प्रकाशन मिति
२०६४।०४।१८

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ | २०७२।०६।१४ |
| २. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ३. | केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ | २०७४।०६।३० |
| ४. | नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |
| ५. | मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७६।०१।०२ |
| ६. | सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० | २०८०।१२।३० |

नियमावली, २०६५ बमोजिम त्यस्तो घटनाबाट पीडित/प्रभावितहरुको सहमतिमा मात्र पहिचान खुलाउन सकिने व्यवस्था भए बमोजिम निजहरुको पहिचान गोप्य राखिएको छ ।

नेपालले मानव बेचबिखनलाई गम्भीर अपराधको रूपमा स्वीकार गरेको छ । यस सम्बन्धी हाम्रो विद्यमान कानून मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले मानव बेचबिखन तथा ओसारपसारलाई स्पष्ट परिभाषित गरेको छ । तर त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको मानव बेचबिखन रोकथाममा सक्रिय अभियन्ता कमला विश्वकर्माले बताइन् ।

मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ सँगै वैदेशिक रोजगार ऐन २०६४, अध्यागमन ऐन २०४९, बाल श्रम (निषेध र नियन्त्रण) ऐन २०५६, श्रम ऐन २०७४, कानूनी सहायता ऐन २०५४, पारस्परिक कानूनी सहायता ऐन, २०७४, संगठित अपराध निवारण ऐन २०७०, मुलुकी अपराध संहिता, २०७४ संगठित अपराध निवारण ऐन २०७०, कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० लगाएतका कानूनको समेत प्रभावकारी कार्यान्वयन नसक्दा पनि मानव बेचबिखनले प्रसय पाएको छ ।

मानव बेचबिखनको विश्वव्यापी परिभाषा अन्तरदेशीय संगठित अपराधविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको मानव विशेषगरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने प्रलेख (२०००) पार्लेमो प्रलेख गरेको पाइन्छ । नेपाल सरकारले अनुमोदन गरिसकेको यस प्रलेख (प्रोटोकल) ले समस्याको समाधान खोज्दै प्रशासनिक र कानुनी उपायहरूको व्यवस्था गरेको छ । नेपालको संविधान २०७२ ले मानव बेचबिखनलाई एक गम्भीर अपराधको रुपमा पहिचान गर्दै यसविरुद्धका प्रावधानहरुलाई मौलिक हक तथा राज्यका नीति अन्तर्गत राखिएका छन् । यद्यपि विद्यमान ऐनले मानव बेचबिखनका समग्र सवालहरुलाई अधिकारमुखी ढंगले सम्बोधन गर्न सकेको देखिँदैन ।

राष्ट्रिय मानव अधिकार आयोग नेपालको पछिल्लो एक अध्ययनले एक आर्थिक वर्षमा मात्रै ३५ हजार व्यक्ति मानव बेचबिखन तथा मानव तस्करीको जालोमा परेको देखाएको छ । मानव बेचबिखन वा ओसारपसारमा परेर नेपालका नागरिकहरु विभिन्न देशमा पीडित र प्रताडित हुँदै आएका छन् । माइती नेपालकी संस्थापक अध्यक्ष अनुराधा कोइरालाले मानव बेचबिखन रोक्नका लागि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ लाई संशोधन गर्नुपर्ने आवश्यकता औंल्याइन् ।

मानव बेचबिखनको मुख्य कारण अशिक्षा र रोजगरी, घरेलु हिंसा, घरमा श्रीमान र उनका परिवारले हेला गर्ने, कुटपिट गर्ने, र छोराछोरी लिएर अलग बस्ने बाध्यता भएका महिलाहरू नै बढी सिकार हुने गरेको महिला मन्त्रालयको भनाइ छ । निवर्तमान महिला, बालबालिका तथा जेष्ठ नागरिकमन्त्री भगवती चौधरीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन-२०६४ छिट्टै संशोधन गरेर कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएपनि ऐन अहिलेसम्म पनि संशोधन हुन नसकेको बताइन् । वर्तमान महिलामन्त्री नवलकिशोर शाह (सुडी) जतिसक्दो चाँडो ऐन संशोधन गरी समयानुकुल बनाएर त्यसको प्रभावकारी कार्यान्वयन गर्ने बताए ।

## कमला पुल निर्माण विवाद

# संघर्ष समिति र मधेश प्रदेश सरकारबीच ४ बुँदे सहमति



**राम पुकार यादव/मध्यान्ह**
सिरहा, ७ भदौ

नयाँ कमला पुल निर्माण संघर्ष समिति सिरहा धनुषा र मधेश प्रदेश सरकारबीच ४ बुँदे सहमति भएको छ । हुलाकी सडक अन्तर्गत सिरहा धनुषा जोडिने कमलामा नयाँ पुल निर्माणको लागि निरन्तर विगत चौध दिनदेखि चरणबद्ध रुपमा आन्दोलन हुँदै आएको छ । अनसनसहित चरणबद्ध आन्दोलनको शुक्रबार १४ औं दिन पुल निर्माण संघर्ष समिति सिरहा-धनुषा र मधेश प्रदेश सरकारबीच चार बुँदे सहमति भएको हो ।

कमलामा नयाँ पुल निर्माणको लागि मधेश प्रदेश सरकारका मुख्यमन्त्री कार्यालय अगाडि बसेको अनशनकारीहरुको सहयोग र समर्थनमा विभिन्न तहतप्का क्षेत्र र निकायहरूबाट एक्यबद्धताको ओइरो नै लागेपछि सरकार सहमतिमा जुटिएको थियो । पुल निर्माणको लागि मधेश प्रदेश सरकारसँग चार बुँदे सहमति भएपछि शुक्रबारैबाट आन्दोलनका सम्पूर्ण कार्यक्रमहरु पुल निर्माण संघर्ष समितिले फिर्ता लिएको सहमति पत्रमा उल्लेख गरिएको छ ।

मधेश प्रदेश सरकार र संघर्ष समितिबीच भएको चार बुँदे सहमतिमा कमलामा नयाँ पुल निर्माण गरिने, नयाँ पुल निर्माणका लागि आ.व.२०८२/०८३ मा संघ सरकारबाट बजेट राख्न पहल गरिने, संघ सरकारबाट उपलब्ध नभएको खण्डमा पुल निर्माणका लागि आवश्यक सम्पुर्ण बजेट मधेश प्रदेश सरकारको स्रोतबाट व्यहोर्ने जनाएका हुन् । साथै २०८१ मंसिर १ गतेभित्र पुल निर्माणको लागि बोलपत्र आह्वान गरिने समेत सहमति पत्रमा उल्लेख गरिएका हुन् । दुई पक्ष बीचको चार बुँदे सहमतिपछि आन्दोलनको सम्पूर्ण कार्यक्रम स्थगित भएको छ ।

## लुम्बिनी प्रदेश

# पूर्वविशिष्ट पदाधिकारीलाई उपलबध गराउँदै आएको सेवा सुविधा खारेज

**सरु भुसाल/मध्यान्ह**
भालुबाँङ, ७ भदौ

लुम्बिनी प्रदेश सरकारले पूर्व विशिष्ट पदाधिकारीलाई प्रदेश सरकारले उपलब्ध गराउँदै आएको सेवा सुविधा खारेज गर्ने भएको छ । लुम्बिनी प्रदेश सरकार मन्त्री परिषद्को बैठकले पूर्व विशिष्ठ पदाधिकारीहरुलाई उपलब्ध गराउँदै आएको सेवा सुविधा खारेज गर्ने निर्णय गरेको लुम्बिनी प्रदेश सरकारका सहरी विकास खानेपानी मन्त्री रोज राणाले जानकारी दिए ।

तत्कालीन प्रदेश सरकारको २०७९ भदौ ३१ गतेको मन्त्रिपरिषद् बैठकबाट पूर्व विशिष्ठ पदाधिकारीका लागि सेवा सुविधा उपलब्ध गराउने निर्णय भएको थियो । यो निर्णयका आधारमा पूर्व मुख्यमन्त्री तथा सभामुखले सेवा सुविधा लिँदै आएका थिए । प्रदेशमा आर्थिक संकट प्रदेश सरकार नै ऋणमा भएको समयमा आर्थिक मितव्ययिता अपनाउनको लागि पूर्व विशिष्ठ पदाधिकारी तथा उच्च व्यक्तिहरुलाई दिँदै आएको सेवा सुविधा खारेज गर्ने निर्णय गरिएको मन्त्री राणाले मध्याह्नलाई जानकारी दिए ।

पूर्व मुख्यमन्त्री, पूर्व सभामुख लगायतका विशिष्ठ व्यक्तिले सरकारी गाडी, इन्धन,गाडी मर्मत, चालक, पिएसओको सुविधा लिँदै आएकोमा हाललाई सरकारले पुरानो निर्णय खारेज गरेको हो । बैठकले प्रदेश सरकारका मन्त्रीहरुलाई आचारसंहिता लागु गर्ने निर्णय गरेको मन्त्री राणाले मध्यान्हलाई बताए । बैठकले कर्मचारीहरुको ओएनएम पास गर्ने निर्णय गरेको मन्त्री राणाले दाबी गरे ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा बसेको बैठकले १२ जिल्लामा नै घरेलु कार्यलय र पर्यटन कार्यालयको सेवा सञ्चालन गर्ने निर्णय गरेको सरकारका प्रवक्ता दिनेश पन्थीले बताए ।

यसअघि पर्यटन डिभिजन कार्यालय नेपालगञ्ज र भैरहवामा रहेका कार्यालयबाट लुम्बिनी प्रदेशभर सेवा प्रवाह गर्न र सेवा लिन गाह्रो भएको गुनासो आएपछि यसको सेवा विस्तार गरिएको मन्त्री राणाको भनाइ छ ।

साउदीमा रोजगारको अवसर
कम्पनी: NAWARA FARM NURSERY
शहर: Riyadh
पुर्व स्वीकृत मितिः २०८१/०५/०७ चलानी नं.: ६०२२४०५९ L.T. No.: 309354

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Trucks Driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६४,२९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | loader & Unloader | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ १५ गते (31 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1251/074/075
Al Taaz International Pvt. Ltd.
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

कथा

# अटुट र अविरल माया तिमीलाई !

जीवनका अनेक मोडमध्ये एक मोड यसरी नै पार गर्दैछौं । न दोष सिमाको थियो; न दोष मेरो थियो । फगत दोषः परिस्थितिको थियो ।



■ बिदुर दाहाल

मायामा कुनै बार बन्देज हुँदैन । मायामा कुनै घृणा र बदला हुँदैन । पवित्र मायाले जात, धर्म, धनी-गरिब वा यस्तै खाले अरू अवरोधहरूलाई नाग्छन् । छिचोल्छन् । त्यसैले भनिन्छ, युद्ध र प्रेममा कुनै नियमहरूले काम गर्दैनन् । सबै फिक्का हुन्छन् ।

जीवन सँगै जिउने र सँगै मर्ने कसम थियो । आधा दशक समय रमाउँदै र ठुस्स पर्दै बिते । रिसाउँदा पनि माया मिसिएको हुन्थ्यो । खुसाउँदाको त कुरै भएन । आकाशको तारा झार्थ्यौं दुवैले । मिठा-मिठा कल्पनामा दिन बित्थे । घण्टौंको समय मिनेट झैँ लाग्थ्यो ।

रिसाउने कारण पनि अचम्मका हुन्थे । कहिले काहीँ त हप्ता दिनसम्म नबोल्ने । कसले पहिला बोलाउने र कसले पहिला फोन गरेर फकाउनेमा प्रतिस्पर्धा हुन्थ्यो । कहिले उनले माफी माग्थिन् । कहिले म । दुवै जना सम्झौता गर्थौं । अब कहिल्यै यसो नगर्ने भनेर । तर, त्यो सम्झौता केही दिनमा भत्किन्थ्यो । रिसाउने कारण सम्झँदा अनौठो लाग्छ अहिले । किन फोन नगरेको ? किन धेरै पिरो खाएको ? यस्तै यस्तै....।

समयले नेटो काटेको पत्तो भएन । क्याम्पस पढ्ने बेलासम्म घरले पैसा पठायो । जीवन अरूको भरमा चल्यो । बिस्तारै भविष्यले पोल्न थाल्यो । आफ्नै खुट्टामा उभिनु पर्छ भन्ने लाग्यो । देशमै गरिखान सक्ने ठानिन मैले । लोकसेवा पढ्ने आँट आएन । दुवै जनाले कोरिया जाने भाषा परीक्षा दियौँ । दुवैको नाम निस्केन । असफल भयौँ । नरमाइलो लाग्यो । दुवै जना खुब रोयौं । आगोले पोलेको घाउलाई आगोले नै सेकाउनु पर्छ भन्ने लाग्यो । विद्यार्थी भिसामा उनलाई छोडेर कोरिया गए । कलेज पढ्दै रेस्टुरेन्टमा काम गर्न थालेँ म ।

उनीसँग मिठा-मिठा कुरा हुन्थे अनलाइनमा । उनी पनि सानोतिनो प्राइभेट कम्पनीमा काम गर्थिन् काठमाडौंमा । केही खर्च कोरियाबाट पठाउँथे म । उनलाई भर थेग हुन्थ्यो । पैसा कमाएर कोरियाबाट छिटै फर्केर घरजम गर्ने बाचा थियो हाम्रो ।

एक दिन अकस्मात् एक जना युवती रेस्टुरेन्टमा आइन र रक्सी मागिन् । कोरियाको सामान्य नियम थाहा थियो तर, रक्सी सम्बन्धी नियम थाहा थिएन मलाई । उमेर सोध्ने याद पनि आएन । रक्सी दिए मैले । कोरियाको कानुनअनुसार केटाकेटीलाई रक्सी दिएको अभियोगमा पुलिसले पक्रियो मलाई । नेपालमा जस्तो सामान्य कानुन रहेनछ कोरियामा । जेल परे म । अदालतले दोषी ठहर गर्‍यो मलाई ।

पक्रन साथ मेरो मोबाइल खोसियो । सम्पर्क विहीन भए म सबैसँग । कति तड्पिन होला मेरी उनी । कल्पना गरेर जेलमा बसेँ । कुनै उपाय भएन मसँग । घर परिवार, साथी सङ्गति सबैसँग सम्पर्क टुट्यो । सोचे, मेरो जीवन अब नरक हुने भो !

५ वर्षपछि जेलबाट छुटेँ म । कोरियाको कानुन देखेर अचम्म लाग्यो । अनि नेपालको कानुन र त्यसको कार्यान्वयन सम्झिए । मानिसलाई मारेर, भ्रष्टाचार गरेर, बेइमानी गरेर शिर ठाडो बनाई हिँडेकाहरूलाई झलझली सम्झेँ । के गर्ने ? कसो गर्ने ? कुनै योजना थिएन । पैसा विहीन थिए म । अरूलाई सम्पर्क गर्ने नामो निशाना थिएन मसँग । जेल पर्नु अगावै पुलिसले पक्रँदा सबै कुरा खोसेका थिए । पछि पनि दिएनन् ।

जेलबाट छुटेपछि कोरियाको सरकारले दुई वर्ष काम गर्न अनुमति दियो । राहत महसुस गरेँ । दुई वर्ष काम गरेँ । केही पैसा कमाए । सात वर्षपछि नेपाल फर्किएँ । खबर गर्ने माध्यम थिएन । सिङ्गो ज्यान र केही पैसा मात्र थियो मसँग । पाँच वर्ष जेल बस्दा सबै नम्बरहरू बिर्सिएको थिएँ । लेख्ने कागजसम्म दिइएन मलाई । अरू त कुरै छोडौं ।

एयर पोर्टबाट सिधै मेरी मायाको कोठामा पुगेँ । पुग्दा उनी थिइनन् । वर्षौं अगाडि कोठा सरेको र अरू थप थाहा नभएको बताइन् घर बेटी आमाले । सोही दिन म मेरो गाउँ गएँ । सबै जना रोए । आश्चर्य माने । माया मारेको मान्छे देखेर सबैले अँगालो हाले । कथा र बेथा सबै सुनाए ।

मन बेचैन थियो । मेरी उनी कहाँ छिन् होला ? कस्तो अवस्थामा होलिन् ? मनमा अनेकन कुरा खेले । मन मानेन । उनको पहाड घरको ठेगाना याद थियो मलाई । केही दिनको घर बसाई पछि उनको पहाड घरतिर लागेँ म । सोधिखोजी गर्दा घर पत्ता लाग्यो । म उनको घर पुगेँ । कोहो भनेर सोधे । मैले उनको पुरानो साथी भने ।

हे भगवान के अचम्म । उनलाई सेतो कपडामा



निरस जीवन बाँचेको देखेँ । अरूले चिन्ने कुरा भएन । उनले चिनिन्, मैले उनलाई चिने । घरमा टिक्न नदिएर माइतीमै बसेकी रहिछन् । 'छोरा टोकुवा' भनेर घरबाट निकालेछन् । दुवै जना बेस्सरी रुयौं । केही घण्टा पछि फर्किए म । हातमा केही पैसा थमाई दिए । लिन मानिनन् । जबर्जस्ती दिएँ । माइतीले के भने होलान् ? बालै भएन मलाई ।

घरमा आएँ । एक्लै कोठामा बसेर रोएँ । अतीतलाई खेलाए । मनमा अनेक कुरा खेलेँ । अनेक प्रश्न आए । तर, उत्तर आएन । यता परिवारमा बिहेको कुरा धूमधामसँग चल्न लाग्यो । आमा र बुबाले आफ्नो प्राण हुँदै नाति-नातिना देखेर मर्ने धोको सुनाए । म अवाक् भए । परिवारसँग नाउत्तर भए ।

सीमाले के सोचिरहेकी होलिन् ? के होला उनको योजना ? यता मेरो घरमा पटक-पटक बिहेका कुरा चलेकै थिए । वर्षहरू यसैगरी बिते । सिमासँग फोन र अनलाइनमा कुरा हुन्थ्यो । मैले उनलाई पहिले जति माया गर्थी; अहिले पनि त्यति नै माया गर्छु भनेँ । तर उनी डराइन् । "तिमिलाई थाहा छ नि म एउटा बिधुवा हुँ' भनिन् । विवाह लगत्तै श्रीमान् दुबई गएको र सडक दुर्घटनामा मारिएको कारुणिक बेथा सुनाइन् मलाई, "तिम्रो लागि म वर्षौं कुरेँ तर परिवारले मलाई टिकी खान दिएन । म विवाह गर्न विवश भएँ । विवाह गरेँ । भगवानले त्यो पनि खोसे", सुनाइन् उनले । धरधरी रोए म ।

पहिले जस्तै कुराकानी हुन थाल्यो सिमासँग । उनी एक बिधुवा, म एक अविवाहित केटा । समाजमा ठुलो ग्याप छ । कयौँ ठाउँबाट केटीका प्रस्ताव आए मलाई । मानिन मैले । परिवार आजित भयो । एक दिन बाले सोध्नु भयो । तेरो कुनै केटी छ ? मैले टाउको हल्लाए । बालाई फोटो देखाएँ । बाले तलाईं मन परे म राजी छु भन्नू भो । बालाई र परिवारलाई

